**नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

तथा **बूढानीलकण्ठ स्कूल, काठमाडौँको**

# बूढानीलकण्ठ स्कूल तथा साझेदारी कार्यक्रम अन्तर्गतको छात्रवृत्ति परीक्षासम्बन्धी सूचना

शिक्षा मन्त्रालय अन्तर्गत बूढानीलकण्ठ स्कूल, काठमाडौँ तथा साझेदारी कार्यक्रममा सहभागी विद्यालयहरूमा विपन्न समुदायका जेहेन्दार बालबालिकाहरूलाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत आवासीय रूपमा निःशुल्क वा सहुलियत शुल्कमा कक्षा ५ देखि अध्ययनका लागि सामुदायिक विद्यालयमा नियमितरूपमा अध्ययन गरिरहेका छात्र-छात्रामध्ये खुला प्रतियोगिता गराई छात्रवृत्ति छनौट गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरी इच्छुक व्यक्तिहरू बाट आवेदन माग गरिएको छ ।

**१. परीक्षा मिति र समय : २०७३ चैत्र २९ गते मंगलबार, बिहान ११:०० बजे**

२. **परीक्षा केन्द्र :** ताप्लेजुङ्ग, इलाम, वसन्तपुर (तेह्रथुम), इटहरी, दिक्तेल, लाहान, जनकपुरधाम, मन्थली, चन्द्रनिगाहापुर, हेटौंडा, चौतारा, बूढानीलकण्ठ स्कूल, विदुर, गोरखा, पोखरा, चामे, बेनी (म्याग्दी), तम्घास, भैरहवा, लिवाङ्ग, जाजरकोट, तुलसीपुर, सुर्खेत, गुलेरिया, जुम्ला, सिमिकोट, दुनै, महेन्द्रनगर, दिपायल, मार्तडी, दार्चुला ।

४. **आवश्यक न्युनतम शैक्षिक योग्यता :** विद्यार्थीले कम्तीमा २ वर्ष अगाडिदेखि स्थानीय सामुदायिक विद्यालयमा नियमित रूपमा अध्ययन गरी शैक्षिक सत्रमा २०७३ मा कक्षा ४ अध्ययन गरेको हुनु पर्ने छ ।

५. **उमेर :** जन्म मिति वि.सं. २०६३ र २०६४ साल भएका विद्यार्थीहरूमात्र सहभागी हुन पाउने छन् ।

६. **परीक्षाको पाठ्यक्रम, विषय, अङ्कभार र उत्तिर्णाङ्क :** कक्षा ३ र ४ को पाठ्यक्रमका आधारमा नेपाली, गणित, अङ्ग्रेजी, विज्ञान र सामाजिक विषयमा आधारित ८/८ अङ्कको वस्तुगत र १२/१२ अङ्कको विषयगत गरी कुल १०० पूर्णाङ्कको प्रश्नहरू सोधिने छन् । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ४० हुने छ । **उत्तर दिँदा सिसाकलमको प्रयोग गर्न पाइने छैन ।**

७. **दरखास्त फाराम** वेवसाइटहरू **www.bnks.edu.np वा www.doe.gov.np वा www.moe.gov.np** बाट डाउनलोड गर्न सकिने छ । डाउनलोड गरेको फारामलाई रीतपूर्वक भरेर सम्बन्धित विद्यालयको प्रधानाध्यापक, सम्बन्धित श्रोतव्यक्ति र विद्यालय निरीक्षकको सिफारिस लिएर जिल्ला शिक्षा अधिकारीबाट प्रमाणित गराई अन्य आवश्यक कागजात तथा सामग्रीहरू सहित आफूलाई पायक पर्ने परीक्षाकेन्द्रमा २०७३ चैत्र २९ गते मंगलबार, बिहान १०:०० बजे भित्र बुझाउनु पर्ने छ ।

**८. उम्मेदवारले पेस गर्नुपर्ने कागजात/समग्रीहरू :**

(१) रीतपूर्वक भरेर तोकिए बमोजिम सिफारिस तथा प्रमाणित गराइएको दरखास्त

(२) विपन्नताको कारणसमेत खुलाई गाँउ विकास समिति, नगरपालिका, उप/महानगरपालिकाले छात्रवृत्तिका लागि प्रदान गरेको सिफारिस पत्र ।

(३) स्थानीय पंजिकाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि

(४) आधिकारिक निकायबाट विद्यार्थीसँगको नाता खुलाइएको प्रमाण सहित हजुरबुबा, हजुरआमा, बाबु, आमा, दाजु, दिदी वा संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(५  आरक्षित गरिएको स्थानमा उम्मेदवार हुन चाहने देहायका समूहका व्यक्तिले दरखास्त बुझाउँदाका बखत आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहायका निकायको सिफारिस पत्र पेस गर्नु पर्ने छ ।

अ) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

आ) दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

इ) मधेशी समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

ई) मुस्लिम समुदायको व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

उ) बेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाइते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट

ऊ) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हालसम्म सोही स्थानमा स्थायी बसोवास रहेको र निज विद्यार्थीले स्थानीय सामुदायिक विद्यालयमा अध्ययन गरेको भनि खुलाइएको सिफारिस पत्र ।

(६)  हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको २ प्रति फोटो ।

(७)  आवेदन दस्तुर रू. १००/- (एक सय मात्र) ।

## ९. छात्रवृत्ति निर्धारणका आधारहरू :

**(१)**  छनौट परीक्षामा निश्चित शैक्षिक उपलब्धि हासिल गर्न सक्षम तर आर्थिक रूपले विपन्न जेहेन्दार छात्र-छात्रामध्ये विभिन्न भौगोलिक क्षेत्र तथा लक्षित समुदायबाट (लोपोन्मुख / दलित / मुस्लिम / सहिद वा बेपत्ता परिवार / जनजाति / पिछडिएको क्षेत्र / महिला) पनि प्रतिनिधित्व सुनिश्चित हुने गरी छात्रवृत्ति छनौट हुने छ ।

(२)  माथि दफा ४ र ५ मा तोकिएका न्युनतम योग्यता पुगी लिखित परीक्षामा उत्तिर्ण विद्यार्थी मात्र छनौटका लागि योग्य हुने छन् ।

(३)  बूढानीलकण्ठ स्कूलका लागि **जिल्ला नदोहोरिने गरी** २७ छात्र र १३ छात्रा गरी जम्मा ४० जना विद्यार्थी मात्र छनौट गरिने छ । यसरी छनौट गर्दा निम्न कुरामा ध्यान दिईने छ :

(क.) सुरूमा लोपोन्मोख समुदाय (चेपाङ, राउटे, कुसुन्डा, बनकरिया, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसवडिया) बाट २ जना, दलितबाट ४ जना, मुस्लिम समुदायबाट १ जना, मधेसी समुदायबाट ४ जना, जनजातिबाट ५ जना र पिछडिएको क्षेत्र (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) बाट २ जना पर्ने गरी छनौट गरिने छ ।

(ख.) माथि (क) मा छनौट भएका छात्रछात्राहरूको सङ्ख्यामा थप छात्रछात्राहरू जिल्ला नदोहोरिने गरी मेरिटको आधारमा छनौट गरी छात्राहरूको कुल सङ्ख्या १३ र छात्रहरूको कुल सङ्ख्या २७ पऱ्याइने छ । तर यसरी छात्रा छात्र थप गर्दा सबै अञ्चल तथा भौगोलिक क्षेत्रको प्रतिनिधित्व सुनिश्च्त गर्नाका साथै ललितपुर जिल्लाबाट हाल बूढानीलकण्ठ स्कूलमा छात्रबृत्तिमा पढिरहेका विद्यार्थीको सङ्ख्या शुन्य रहेको हुँदा उक्त जिल्लाका विद्यार्थीलाई उच्च प्राथमिकता दिइने छ । कुनै २ जिल्ला मध्ये १ रोज्नु पर्ने भएको खण्डमा मानव विकास सूचकाङ्क कम भएको जिल्लालाई प्राथमिकता दिइने छ ।

(ग). छनौट भइसकेका विद्यार्थीहरूसँग जिल्ला नदोहोरिने गरी २ छात्रा र २ छात्रलाई वैकल्पिक उम्मेदवारको रूपमा छानौट गरिने छ ।

(४) साझेदारी कार्यक्रम छात्रपृत्तिअनुसार सहभागी विद्यालयका लागि बूढानीलकण्ठ स्कूलको लागि छनौट भएका ४० विद्यार्थी बाहेक अन्यबाट **प्रत्येक जिल्लाको १ जनाको दरले ७५ जना** विद्यार्थी छनौट गरिने छ । यसो गर्दा

(क) क्रमश दलितबाट ५ जना, मुस्लिम समूदायबाट २ जना, मेधेसीबाट ६ जना, जनजातिबाट ९ जना छनौट गरिने छ । आरक्षण तर्फ छनौट भएका छात्राहरूको सङ्ख्यामा थप छात्राहरू छनौट गरी छात्राहरूको सङ्ख्या २५ पुऱ्याइने छ । अब खुला तर्फको मेरिट लिस्टबाट जिल्ला नदोहोरिने गरी मेरिटको आधारमा छनौट गरी छनौट हुनेको सङ्ख्या ७५ पुऱ्याइने छ ।

(ख) कुनै जिल्लाबाट छनौट परीक्षामा प्रतिनिधित्व नभएको वा कसैले पनि न्युनतम अङ्क प्राप्त गर्न नसकेको कारणले त्यस जिल्लाको साझेदारी कार्यक्रमको कोटा खाली हुन गएमा उक्त कोटामा छिमेकी जिल्लाहरूबाट मेरिटको आधारमा विद्यार्थी छनौट गरिने छ । तर साझेदारी कार्यकम छात्रबृत्तिमा एकै जिल्लाबाट २ जना भन्दा बढी विद्यार्थी भने छनौट गरिने छैन ।

(ग) बाँकी भएका विद्यार्थीहरूमध्येबाट जिल्ला नदोहोरिने गरी मेरिटको आधारमा साझेदारी कार्यक्रमका सहभागी विद्यालयहरूका लागि  प्रतीक्षा सूची पनि तयार पारिने छ ।

(घ) साझेदारी कार्यक्रम छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरू सहभागी विद्यालयहरूमा निम्न अनुसार पठाइने छ ।

(१) शीतलादेवी अङग्रेजी माध्यमिक विद्यालय, पाखिबास, धनकुटाको लागि मेची र कोसी अञ्चलका सबै जिल्ला तथा सगरमाथा अञ्चलका उदयपुर, सप्तरी र सिराहा जिल्लाबाट जम्मा १३ जना ।

(२) नव जीवन विद्याश्रम उ.मा.वि., जुटपानी, सर्लाहीको लागि सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाबाट जम्मा ७ जना ।

(३) कुलेश्वर आवास मा.वि., कुलेश्वर, काठमाडौँका लागि सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, चितवन, दोलखा, रामेछाप, मकवापुर, सिन्धुपाल्चोक, रसुवा, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट र धादिङका जिल्लाबाट जम्मा १५ जना ।

(४) बाल मन्दिर मा.वि., लुम्ले, कास्कीका लागि गोरखा, तनहुँ, स्याङ्जा, लमजुङ, कास्की, मनाङ, बाग्लुङ, मुस्ताङ, पर्वत र म्याग्दी जिल्लाबाट जम्मा ९ जना

(५) जनता उ.मा.वि. पाल्पाका लागि गुल्मी, पाल्पा, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, प्युठान, रोल्पा, सल्यान, रूकुम र अर्घाखाँची जिल्लाबाट जम्मा ११ जना ।

(६) वीरेन्द्र विद्या मन्दिर उ.मा.वि., टीकापुर, कैलालीका लागि जाजरकोट, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, डोटी, अछाम, बाजुरा, बझाङ, कञ्चनपुर, डडेलधुरा, बैतडी, दार्चुला, हुम्ला, मुगु, जुम्ला कालिकोट र डोल्पा जिल्लाबाट जम्मा १९ जना ।

## १०. नतिजा प्रकाशनसम्बन्धी :

छनौट भएका तथा वैकल्पिक सूची/प्रतीक्षा सूची परेका विद्यार्थीहरूको नाम र उनीहरूले पढेको विद्यालयको नाम र ठेगाना सहितको जिल्लागत सूची बूढानीलकण्ठ स्कूलको वेभसाइट र सूचना पाटीमा तथा शिक्षा मन्त्रालय, शिक्षा विभागको वेभसाइट र सूचना पाटीमा प्रकाशन गरिने छ ।

## ११. परीक्षासम्बन्धी अन्य जानकारी :

(१) म्याद नाघी आएको वा रीत नपुगेको वा निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात संलग्न नभएको वा झुट्टा विवरण दिइएको दरखास्त फाराम जुनसुकै बखत रद्द गर्न सकिने छ।

(२) दरखास्त फाराममा भरिएका विवरण वा संलग्न कागजातहरू झुट्टा ठहरिएमा कुनै पनि बेला (अध्ययनरत अवस्थामा सहित) छात्रवृत्ति रद्द हुनुका साथै उक्त आवेदनकर्ता/सिफारिसकर्तालाई आवश्यक कारवाहीसमेत हुने छ।

(३) नेपाल सरकारका कर्मचारीका छोराछोरी सबै आधारबाट छनौट भएमा त्यस्ता विद्यार्थीका लागि उचित शुल्क समितिले निर्धारण गरी नतिजा प्रकाशन गर्दा तोक्ने छ।